# नेपाल नागरिक उड्डयन प्राधिकरण
# त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय

गौचर, काठमाडौं ।

## पुराना सामानहरू लिलाम बिक्री गर्ने वारेको शिलवन्दी बोलपत्र आह्वानको सूचना २०७९/८०

**(प्रथम पटक प्रकाशित मिति :२०७९।११।२९)**

यस कार्यालयमा रहेका पुराना सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमद्वारा यस कार्यालयबाट लिलाम बिक्री गरिने भएकोले इच्छुक महानुभाव,फर्म/कम्पनीहरुबाट निम्नअनुसारको रीत पुगेको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ । बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र कार्यालय समयमा यस कार्यालयको मूल दर्ता, प्रशासन महाशाखा र भण्डार शाखाबाट खरिद गरी २२ औं दिनको १२ बजे भित्र भण्डार शाखामा दर्ता गराउनु पर्नेछ । बोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन तत् समय भित्र फाराम खरिद तथा दर्ता गराउन सकिनेछ । दर्ता हुन आएका शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २:०० बजे यस कार्यालयको भण्डार शाखामा बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(१) लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) मु.अ.कर दर्ता प्रमाणपत्र र करचुक्ताको प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

(२) बोलपत्र फाराम रु. २०००।- (दुई हजार मात्र) (मु.अ.कर समेत) (पछि फिर्ता नहुने गरी) यस त्रि.अ.वि.ना.उ.का. स्थित रा.वा. बैंक, एयरपोर्ट शाखाको चल्ती खाता (राजस्व खाता) नं. १६९०१००००००११००६ मा दाखिला गरेको सक्कल भौचर पेश गरी यस कार्यालयको प्रशासन महाशाखा र भण्डार शाखाबाट खरिद गर्न सकिनेछ ।

(३) बोलपत्रमा आफूले कबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ ।

(४) बोलपत्रदाताले आफूले कबुल गरेको रकमको १०% ले हुन आउने रकम जमानत वापत यस विमान स्थल स्थित रा.वा. बैंक, एयरपोर्ट शाखामा रहेको धरौटी खाता नं. १६९०१०००००००७०००१ मा जम्मा गरेको सक्कलै भौचर बोलपत्रसाथ संलग्न राखी सिलबन्दी गरी खाम बाहिर बोलपत्र पेश गर्नेको पुरा नाम, ठेगानाको साथै "पुराना सामानहरु लिलाम विक्रि गर्ने वारेको शिलवन्दी बोलपत्र फाराम" लेखि यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उययन कार्यालय, भण्डार शाखाको नाउँमा तोकिएको म्यादमा, तोकिएको समयभित्र भण्डार शाखामा दर्ता गराइसक्नु पर्नेछ । बोलपत्र फारामको मान्य अवधी ९० दिन र धरौटी जमानतको मान्य अवधि १२० दिनको हुनुपर्नेछ ।

(५) बोलपत्र खरिदकर्ताको नाउँबाट दर्ता हुन नआएमा, बिक्री भएको बोलपत्र फाराम भरी नआएमा, सिलबन्दी भई नआएमा, म्याद नाघी आएमा वा अन्य रीत नपुगी प्राप्त हुन आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

(६) कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(७) बोलपत्र स्वीकृत भएमा स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र कवोल रकम चुक्ता गरी सामान उठाई लैजानु पर्नेछ । म्यादभित्र रकम दाखिला गरी सामान उठाई नलगेमा सो वापत राखेको धरौटी रकम जफत गरीनेछ । यसरी जमानत जफत गरिसकेपछि दोस्रो वढी कवोल गर्ने कवोल अंक पहिलो कवोल अंक भन्दा १०% सम्म कम भएमा दोस्रो कवोल गर्नेलाई दिन सकिनेछ ।

(८) लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु. **११,८७,५८७।०३-** (एघार लाख सतासि हजार पाँच सय सतासि रुपियाँ पैसा तिन मात्र, मु.अ.कर बाहेक) कायम गरिएको छ । बढी रकम कवोल गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

(९) बोलपत्र स्वीकृत भएको सामान उठाई लैजाँदा कबुल रकम र सो मा थप १३% मूल्य अभिवृद्धि करसमेत लाग्ने छ ।

(१०) लिलाम विक्रि गर्ने मालसामानहरुमा मुख्यत पुराना इक्युपमेन्टका सामानहरु, विभिन्न प्रकारका सवारी साधनहरु, स्टील र काठका फर्निचरहरु र अन्य विविध प्रकारका मालसामानहरु रहेका छन् ।

(११) बोलपत्र स्वीकृत भई लिलाम विक्री भएका सवारी साधनहरु, सवारी साधन दर्ता सम्बन्धी ऐन नियमहरुको आधारमा दर्ता गराउने, नामसारी गर्ने वा सवारी दर्ता लगत कट्टा गर्ने सम्पूर्ण दायित्व सम्बन्धित बोलपत्रदाताहरुकै हुनेछ र सो सम्बन्धमा यस कार्यालयको कुनै जिम्मेवारी रहनेछैन ।

(१२) यस सम्बन्धमा कुनै जानकारी लिनु परेमा वा विभिन्न लिलाम गर्ने सामानहरु के कस्तो अवस्थामा छन् हेर्न चाहेमा कार्यालय समयभित्र यस कार्यालय भण्डार शाखामा सम्पर्क राखी जानकारी लिन वा हेर्न सकिनेछ । साथै ०१-४११३०३३, एक्टेन्सन नं. २५१३ मा सम्पर्क गरी बुझ्न समेत सकिने छ । साथै यस लिलाम सम्बन्धि सूचना CAAN Website // www.caanepal.gov.np र TIACAO Website // www.tiairport.com.np समेत हेर्न सकिनेछ ।

(१३) यसमा उल्लेख नभएका अन्य कुराहरुका हकमा नेपाल नागरिक उडड्यन प्राधिकरण, आर्थिक नियमावली, २०५७ वा नेपाल सरकारको प्रचलित ऐन नियमअनुसार हुनेछ ।